## वैठक संख्या:९

आज मिति २०८२ साल चैत १९ गते विहीबारका दिन यस नासों गाउँपालिकाका अध्यक्ष श्री धन बहादुर गुरुङज्यूको अध्यक्षता एवं तपसिलका कार्यपालिका सदस्यज्यूहरु र अन्य पदाधिकारीहरुको उपस्थितिमा गाउँकार्यपालिकाको नियमित वैठक बसि तपसिलका निर्णय गरियो ।

**उपस्थितिहरु:-**

| क्र.नं | जनप्रतिनिधिको नाम थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | धन बहादुर गुरूङ | अध्यक्ष | नासों गा.पा. | |
| २ | वेद बहादुर गुरूङ | उपाध्यक्ष | नासों गा.पा. | |
| ३ | मिन राशी गुरूङ | वडा अध्यक्ष | वडा नं.-१ | |
| ४ | रवि गुरूङ | वडा अध्यक्ष | वडा नं.-२ | |
| ५ | निल राम गुरूङ | वडा अध्यक्ष | वडा नं.-३ | |
| ६ | धर्म जङ गुरूङ | वडा अध्यक्ष | वडा नं.-४ | |
| ७ | थुतेन लामा | वडा अध्यक्ष | वडा नं.-५ | |
| ८ | पुष्प बहादुर गुरूङ | वडा अध्यक्ष | वडा नं.-६ | |
| ९ | ओम बहादुर गुरूङ | वडा अध्यक्ष | वडा नं.-७ | |
| १० | याद घले | वडा अध्यक्ष | वडा नं.-८ | |
| ११ | मिङ्मर छिरिङ विष्ट | वडा अध्यक्ष | वडा नं.-९ | |
| १२ | डिल कुमारी घले | का.पा.सदस्य | नासों गा.पा. | |
| १३ | सुक बहादुर परियार | का.पा.सदस्य | नासों गा.पा. | |
| १४ | प्रमिला गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १५ | सोनिया गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १६ | चनार स्यो गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १७ | मोहन कुमारी घले | का.पा.सदस्य | नासों गा.पा. | |
| १८ | अनुप पौडेल | सदस्य सचिव | नासों गा.पा. | |
| आमन्त्रित:- | | | | |
| १ | चित्र बहादुर पौडेल | लेखा अधिकृत | नासों गा.पा. | |
| २ | शुशिल थापा | प्रशासन सहायक | नासों गा.पा. | |
| ३ | | | | |
| ४ | | | | |

CamScanner

**निर्णय नं १.**

यस अगाडिको गाउँकार्यपालिका बैठकको निर्णयको कार्यान्वयनको अवस्थाको बारेमा छलफल गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका र बाँकी निर्णयहरु पनि कार्यान्वयनको चरणमा रहेको व्यहोरा जानकारी भयो ।

**निर्णय नं २.**

नासो गाउँपालिका वडा नं ७, तिल्चे बस्ने श्री टुक कुमारी गुरुङ ना.प्र.नं. (२२७६) ले मिति २०८२ /१२/०४ गते विहान भएको आगलागीका कारण आफ्नो घर पूर्ण रुपमा क्षतिग्रस्त भएकाले नियमानुसार राहत उपलब्ध गराइदिनुहुन भनी पेश गरेको निवेदनको सम्बन्धमा छलफल गर्दा सो सम्बन्धमा निवेदन साथ प्राप्त प्रहरी मुचुल्का, सम्बन्धीत वडा कार्यालयको च.नं ८३ मिति २०८२/१२/१० को पत्रबाट समेतबाट उल्लेखित घरमा क्षति पुगेको व्यहोरा खुली आएको देखिएकाले यस कार्यालयको विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ बमोजिम पिडितलाई रु. ३०,०००/- उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ३.**

यस नासों गाउँपालिका अन्तर्गत रहेको श्री प्रकाश ज्योति माध्यमिक विद्यालयको च.नं ६३ मिति २०८२/१२/१८ को पत्रबाट आगामी शैक्षिक सत्र २०८३ मा दशैं र तिहारको बीचमा पठनपाठन हुने जम्मा १० दिन घटस्थापना पछि ५ दिन पठनपाठन र मिन पचासबाट ५ दिन कट्टा गरी विदा पूर्ति गर्ने तथा दशैं र तिहारको बीचमा विद्यार्थीलाई शैक्षिक भ्रमणमा लैजाने गरी क्यालेण्डर परिमार्जनका लागि स्टाफ बैठक, विद्यालय व्यवस्थापन समिति समेतको निर्णय सहितको प्रस्ताव पत्र पेश हुन आएको सन्दर्भमा शिक्षा नियमावली, २०५९ को नियम ८४ को उपनियम मा भएको व्यवस्था (५)बमोजिम विद्यालयको एक शैक्षिक सत्रमा सञ्चालन गर्नुपर्ने न्यूनतम शैक्षिक दिन नघट्ने गरी यस शैक्षिक सत्र परीक्षणको रुपमा प्रयोगमा ल्याउने गरी यस वर्षको शैक्षिक सत्रका लागि मात्र क्यालेण्डर बनाइ कार्यान्वयन गर्न स्वीकृति दिने निर्णय गरियो।

**निर्णय नं ४.**

यस गाँउपालिकाको स्वामित्वमा रहेको JCB Excavator (Model No.LG6205) ले हालसम्म २५०० घण्टाभन्दा बढि काम गरिसकेको र इन्जिनको दीगोपनका लागि २५०० घण्टा कटिसकेपछि अनिवार्य रुपमा पूर्ण सर्भिसिङ (Full servicing) गर्नु प्राविधिक आवश्यकता रहेको भनी स्टोर शाखा प्रमुखबाट राय पेश भइ आएको देखिन्छ । तत्काल मर्मत सम्पन्न नगर्दा काम रोकिने इन्जिनमा थप क्षति पुग्न गइ सरकारी सम्पत्तिमा नोक्सानी हुने, जिल्ला भित्र उक्त कार्यका लागि दक्ष प्राविधिक र मर्मतका लागि आवश्यक सामान समेत नभएको र लमजुङ जिल्लाको वेसीशहरबाट प्राविधिक मगाउनुपर्ने वाध्यात्मक अवस्थाको पुष्ट्याइ र प्रेषित कागजात अध्ययन गर्दा कार्य सम्पन्न भएको देखिएकाले फेरिएका सामानहरु जिन्सी सामानहरु प्रमाणका रुपमा जिन्सी शाखामा अभिलेख राख्न लगाउने, समग्र मर्मत प्रक्रियालाई अनुमोदन गरी मर्मतका लागि लागेको खर्च रकम रु.२,३७,३७७/९७ (अक्षरुपी दुई लाख सैंतीस हजार तीन सय सतत्तर रुपैंया र सन्तनब्बे पैसा) प्रचलित कानून बमोजिम भुक्तानीका लागि स्वीकृत दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष